नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सीतापाइला, काठमाडौं
बागमती प्रदेश, नेपाल ।

फोन नं.: ४६७१७१६
४६७१७१७

प.सं.:- ०८०/०८१
च.नं.:- १८४८

मिति २०८०/०८/२८

विषयः राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताका लागि नाम दर्ता गर्ने बारे ।

श्री सबै सामुदायिक तथा संस्थागत विद्यलयहरु
नागार्जुन नगरपालिका काठमाण्डौ ।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०८० सालको नागार्जुन नगरपालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता पौष १३ गतेदेखि १५ गतेसम्म सञ्चालन हुन गइरहेकोले राष्ट्रपति रनिङ्ग शिल्ड सञ्चालन निर्देशिका, २०७१(संशोधन सहित) को अनुसूची ४ मा उल्लेखित तपसिलका खेलहरुमा सहभागी हुन इच्छुक विद्यालयहरुले मिति २०८०/९/५ गते भित्र सोही निर्देशिकाको अनुसूची १ बमोजिमको ढाँचामा खेल र खेलाडीको नाम (सफ्ट कपी समेत) नागार्जुन नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा दर्ता गराउनु हुन अनुरोध छ । निर्धारित समय भित्र नाम दर्ता हुन नआएमा पछि प्राप्त हुन आएका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

तपसिल

| सि नं | खेलको नाम | सहभागी | खेलिने खेल |
|---|---|---|---|
| १ | **एथ्लेटिक्स** | | |
| क | दौड( टयाक तर्फ) | छात्र | १०० मि, ४०० मि, ८०० मि |
| | | छात्रा | १०० मि, ४०० मि, ८०० मि |
| ख | उफ्रने र फ्याँक्ने (फिल्ड तर्फ) | छात्र | हाइजम्प, लङजम्प, त्रिपलजम्प, सटफुट ८ पाउन्ड |
| | | छात्रा | हाइजम्प, लङजम्प, त्रिपलजम्प, सटफुट ८ पाउन्ड |
| २ | **मार्सल आर्ट तर्फः** | | |
| क | कराँते | छात्र | U'२७ केजी, U'३२ केजी, U'३७ केजी, U' ४२ केजी, U' ४७ केजी, U' ५२ केजी, काता एकल |
| | | छात्रा | U'२५ केजी , U'३० केजी, U'३५ केजी, U'४० केजी , U' ४२ केजी, U' ४७ केजी, U' ५२ केजी,काता एकल |
| ख | तेक्वान्दो | छात्र | U' ४५ केजी, U '४८ केजी, U' ५१ केजी |
| | | छात्रा | U' ४२ केजी, U' ४४ केजी, U' ४६ केजी |

नोटः मार्सल आर्ट तर्फका खेलहरुमा ४ जनासम्म खेलाडी सहभागी हुनु पर्ने यदी नभएमा सो खेल नलेखाइने।

२०८०।८।२८

कृष्ण बहादुर कुँवर
उप-सचिव

नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, भीमढुंगा, काठमाडौं
बागमती प्रदेश, नेपाल ।

फोन नं.: ४६७१७१६
४६७१७१७

प.सं.:-
च.नं.:-

राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा पालना गर्नुपर्ने नियमहरु:

१ खेलाडीको नाम दर्ता फाराममा नाम समावेश भएका खेलाडीलाई मात्र खेलकुद प्रतियोगितामा सहभागी गराइने छ।

२ कुनै खेलाडीले झुट्टा विवरण पेश गरी त्यस्तो प्रतियोगितामा भाग लिएको प्रमाणित भएमा सम्बन्धित सिफारिस कर्तालाई कारबाही गरिनेछ । खेलाडी दर्ता सम्बन्धमा उत्पन्न हुने कुनै पनि विवादको निर्णय सम्बन्धित प्राविधिक समितिले नै गर्ने छ ।

३ प्रतियोगितामा भाग लिने खेलाडीले आफूलाई चाहिने खेलकुद सामाग्रीको व्यवस्था स्वंय आफैले नै व्यवस्थापन गर्नुपर्नेछ ।

४ खेलाडी खेल पोशाकमा अनिवार्य रुपमा सहभागी हुनुपर्ने छ ।

५ खेलकुद प्रतियोगिताको मर्यादामा आघात पुग्ने गरी अवाञ्छनीय क्रियाकलापमा संलग्न हुने सहभागीलाई प्रचलित कानून बमोजिम कारबाही हुने छ ।

६ खेलकुद प्रतियोगितामा सहभागी टिम एंव खेलाडीहरु प्रतियोगिता अवधिभर प्रतियोगिताबाट अलग हुन पाउने छैनन् तर विशेष कारणवश त्यस्तो प्रतियोगिताबाट अलग हुनुपर्ने बाध्यात्मक स्थितिमा पूर्व स्वीकृति लिइ त्यस्तो प्रतियोगिताबाट अलग हुन सकिने छ।

७ खेलकुद प्रतियोगितमा सहभागी हुने खेलाडी सहितको टिमलाई राष्ट्रिय तथा विद्यालयको झण्डा सहित सहभागी गराउनु पर्ने छ ।

८ एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले प्रत्येक इभेन्टसमा बढीमा २ खेलाडीहरुलाई सहभागी गराउन सक्ने छ । प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्याक वा २ फिल्ड एक ट्याकमा भाग लिन पाउने छ ।

९ प्रतियोगितमा भाग लिने खेलाडी कक्षा ३ देखि कक्षा १० सम्म विद्यालयमा भर्ना भइ नियमित रुपमा अध्यापनरत भएको हुनुपर्ने छ ।

कृष्ण बहादुर कुँवर
उप-सचिव